नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौं

पत्र संख्या :- २०७८/०७९
चलानी .नः २८९

मिति २०७८/०५/२८

**विषय : परिपत्र सम्बन्धमा ।**

श्री आयोग/बिभाग/आयोजना/परियोजना/प्रतिष्ठान /समिति सबै ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

श्री स्थानीय तह(महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका,गाउँपालिका) सबै ।

प्रस्तुत बिषयमा गृह मन्त्रालयको च.नं. १२३ मिति २०७८/०५/२७ को संविधान दिवस मनाउने सम्बन्धी बिषयको पत्र यसै साथ संलग्न छ । सो पत्रको व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ ।

दशरथराम ओड

उपसचिव

बोधार्थः-

श्री सूचना तथा प्रविधि शाखाः- वेवसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः- संविधान दिवस-२०७८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ९२३

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः २०७८।०५।२७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः संविधान दिवस मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा संविधान दिवस, २०७८ सदाझैं असोज २, ३ र ४ गते हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सन्दर्भमा मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा मिति २०७८।०५।१७ गते बिहीबार बसेको बैठकबाट स्वीकृत कार्यक्रम अनुसार कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणको सन्दर्भमा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्डको परिपालना गरी तपशिल बमोजिमका कार्यक्रम सहित संविधान दिवस मनाउने सम्बन्धमा सबै स्थानीय पालिका/तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार सादर अनुरोध छ।

## तपसिल

१. स्थानीय पालिकास्थित सबै सरकारी तथा सार्वजनिक कार्यालयहरुले राष्ट्रिय झण्डा एवं दिवस-केन्द्रित व्यानर सजाई कार्यालय र परिसर सरसफाई गर्ने।

२. पालिकावासी आमनागरिकहरु समेतलाई आ-आफ्ना घरटोल एवं सार्वजनिक स्थलहरुको सरसफाई गर्न अनुरोध गर्ने।

३. स्थानीय पालिकाभित्र रहेका सरकारी कार्यालय एवं मण्डला, दरबार स्क्वायर जस्ता सार्वजनिक स्थलहरुमा साँझ दीप प्रज्ज्वलन तथा दीपावली गर्ने र पालिकावासी आमनागरिकहरुलाई घर-घरमा दीपावली गर्न अनुरोध गर्ने।

४. पालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट संविधानको महत्व सम्बन्धी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रम प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने।

५. दिवस-केन्द्रित रही अन्य सान्दर्भिक तथा उपयुक्त कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने।

६. जिल्लास्थित मठ-मन्दिर, बुद्धबिहार, मस्जिद, गुरुद्वार, चर्च लगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुहरुबाट नित्य धार्मिक अनुष्ठान/सङ्कल्प गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तिको कामना एवं उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दैं पुजापाठ तथा प्रार्थना गर्ने।

(भीमकान्त शर्मा)
उपसचिव